बैठक संख्या-५ मिति:२०६१।०६।१२

बिहान ६:०० बजे

उपस्थिति-

श्री भोजराज खतिवडा - कार्यकारी अधिकृत- धरान नगर पालिका

आज मिति २०६१।०६।१२ गते धरान नगरपालिका कार्य संचालन समितिको बैठक बसि तपसिलको निर्णयहरू गरियो ।

निर्णय नं-१ - पदपुर्ति समितिको अध्यक्ष तोक्ने सम्बन्धमा:- यस नगरपालिकाको पदपुर्ति समितिको अध्यक्षको पदावधि २०६१ असाढ मसान्तमा समाप्त भएकाले विगतको पदपुर्ति समितिको अध्यक्षको पदावधी समाप्त भएकाले पहिलेको अध्यक्ष-लाई हाल सम्म गरेको कार्यलाई धन्यवाद गर्दै अबको अध्यक्ष पदमा श्री शिक्षा निकेतन उच्च मा.वि. का पुर्व प्र.अ. श्री गोकुलप्रसाद कोइरालालाई मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं-२- सार्वजनिक नीजि साझेदारी प्रवर्द्धन समितिको सदस्य-हरुको पदावधी सम्बन्धमा:- स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २६३ को 'क' मा भएको व्यवस्था अनुसार सार्वजनिक निजि साझेदारी प्रवर्द्धन समितिको 'ग' र 'छ' का सदस्यहरुको पदावधी एक कार्यकालका लागि थप गर्ने निर्णय गरियो । जस अनुसार 'ग' अन्तर्गत श्री शेखर घिमिरे र 'छ' अनुसार-क्रमश: श्री खिपिन्द्र धरान ८ र पुर्ण सुवेदी, धरान १५ का नगरवासी रहनु हुने निर्णय भयो ।

निर्णय नं. ३- अनुगमन समितिका सदस्यहरुको मनोनयन सम्बन्धमा:- स्थानीय निकाय स्रोत परिचालन कार्यविधी २०६३ अनुसार गठन हुने योजना अनुगमन समितिको सदस्यहरुको मनोनयनका लागि मिति २०६१।६।१० मा बसेको सर्वदलिय बैठकको ~~सिफारिस~~ सिफारिस अनुसार तपसिलका महानुभावहरुलाई सदस्य पदमा मनोनयन गर्ने निर्णय गरियो ।

(क) श्री उद्ध लोहनी - रा.प्र.पा. नेपाल

(ख) श्री पुष्कर गुरुङ - खम्बुवान राष्ट्रिय मोर्चा

(ग) श्री भुपेन्द्र सुन्दर लावती - संघिय लिम्बुवान राज्य परिषद

आजको बैठक बिहान १०:०० बजे समापन गरियो ।

माइन्युटकर्ता- भक्तिराज शर्मा - [signature]

[signature]